प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, म्याग्दी**

फोनः ०६९-५२०१३०
इमेलः akcmyagdi@gmail.com
वेबसाइटः https://myagdi.akc.gov.np

# कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**( प्रथम पटक प्रकाशित मिति २०७९/०८/०६ गते )**

कृषि ज्ञान केन्द्र, म्याग्दीको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न ईच्छुक म्याग्दी जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले ३० दिन (२०७९ पौष ०६ गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | कार्यक्रमको विवरण | अधिकतम अनुदान सहयोग | इकाइ | कार्यक्रम संख्या | कुल बजेट (लाखमा .रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आ.व २०७८/०७९ मा स्थापना भएका व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रमको निरन्तरता | परियोजना कार्यन्वन म्यानुअल अनुसार क्रियाकलाप बमोजिम ५०% देखि ८५% सम्म | संख्या | २ | २७.२ | |
| २ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | प्रदेश तथा स्थानीय तहमा सर्शत बित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७८ अनुसार ५०% देखि अधिकतम ८५ % सम्म लागत साझेदारी | पटक | १ | २५ | उत्पादन ब्लकको क्षेत्रफल कम्तिमा ५ हेक्टर हुनुपर्नेछ । |
| ३ | मकै बाली प्रवर्द्धन कार्यक्रम | | पटक | १ | ६० | |
| ४ | सुन्तलाजात फलफुल नर्सरी सुदृणीकरण कार्यक्रम | | पटक | १ | १० | प्रदेश तथा स्थानीय तहमा सर्शत बित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि,२०७८ बमोजिम न्यून्तम मापदण्ड पुगेको हुनुपर्नेछ । |

**आवश्यक कागजातहरुः**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
२.सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो दुई आ.व. माकुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।
३. सम्बन्धित स्थानीय तहको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)
४. खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपी (करार सम्झौता न्यूनतम १० बर्ष अवधिको हुनुपर्नेछ)
५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक निर्णाय प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, Pan/Vat दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्त प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपी,

**नोटः** कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढांचा यस कार्यालयबाट उपलब्ध हुनेछ तथा यस कार्यालयको वेवसाईट myagdi.akc.gov.np बाटपनि प्राप्त गर्न सकिनेछ ।

थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र, म्याग्दीमा फोन नं. ०६९-५२०६३० मा सम्पर्क गर्न सकिनेछ। मोवाईल नम्बरः- ९८५७६२२१४४ मा पनि सम्पर्क गर्न सकिनेछ।